**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय विर्तामोड, झापाका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सवारी साधन गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ (सात) दिने सार्वजनीक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०२/२६ गते मंगलबारको पूर्वाञ्चल राष्ट्रिय दैनिक)**

यस बैंक लि.बाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/१०/०७ गते सोमबारको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितो लिलाम विक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले मिति २०८१/११/२७ गते मंगलबारको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले मिति २०८२/०१/०५ गते शुक्रबारको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय विर्तामोड, झापा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०३/०२ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय विर्तामोड, झापा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्वन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा लिलाम बिक्री हुने सम्पत्तीको विवरण**

**ऋणी :** नेपाल सरकार, बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, झापामा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७२/११/३ मा प्रा.फ.र.न. ५५४/२४०८/२०७२/११३ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भद्रपुर, झापाबाट मिति २०६२।११।२४ (मुअ.कर दर्ता मिति २०७५।०८।०३) मा करदताको नाम सुस्मा फेदापे कारोवारको नाम रिद्धी सिद्धी कलेक्सन भई स्थायी लेखानम्बर (पान) दर्ता प्रमाणपत्र नं.३०२२२५२०८ को प्रमाणपत्र प्राप्त **रिद्धी सिद्धी कलेक्सन ।**

**रजिष्ट्रर्ड ठेगाना :** जिल्ला झापा बिर्तामोड न.पा.वडा नं. ४, ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : सुस्मा फेदापे** (ना.प्र.नं. ०४ ०१२८२४८५, जारी मिति २०५५/१२/१६, जारी गर्ने कार्यालय जि.प्र.का. झापा) ।<br>स्थाई ठेगाना : झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ६ (साविक अनारमनी गा.बि.स. वडा नं. १) । हालको ठेगाना : झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ५ ।<br>बुवा : गंगा प्रसाद फेदापे ।<br>ससुरा/पति : जित बहादुर अधिकारी/सुर्य अधिकारी । | **जमानतकर्ता : सुर्य अधिकारी** (ना.प्र.न. ४५१५३, मिति २०६१/७/२४, जारी गर्ने कार्यालय जि.प्र.का. गुल्मी) । स्थायी ठेगाना : गुल्मी जिल्ला रेसुङ्गा न.पा. वडा नं. १० (साविक सिमिचौर गा.वि.स. वडा नं. २) । हालको ठेगाना : जिल्ला झापा, बिर्तामोड न.पा. वडा नं. ५ ।<br>बुवा : जित बहादुर अधिकारी ।<br>बाजे : अम्बर बहादुर अधिकारी । |

**धितो लिलाम बिक्री हुने सवारी साधनको विवरण :**

धनी प्रभु बैंक लि. ऋणी रिद्धी सिद्धी कलेक्सन भई मेचि अञ्चल यातायात कार्यालयमा दर्ता भएको ईन्जिन नं. LY66250 च्यासिस नं. MAJAXXMRKALY66250 बनाउने कम्पनी Ford India सवारीको मोडल Ecosport 1.5L Petrol Titanium सवारी दर्ता नं. PRADESH 1-01-001 CHA 8402 को गाडी ..................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ, स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय विर्तामोडबाट स**मेत प्राप्तगर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्वन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ वा **शाखा कार्यालय, विर्तामोडमा सम्पर्क** राख्न सकिनेछ ।

prabhu bank

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x27